ネパール語



# जापानमा बस्ने विदेशीहरूका लागि नियमावली

## जापानमा आपराधिक कार्यबाट बच्न र सुरक्षित र शान्तिपूर्वक जीवनयापन गर्नका लागि।

टोकियो महानगरपालिका

सहकार्य

महानगर प्रहरी विभाग

टोकियो अध्यागमन विभाग

# विषय-सूची


| | |
|---|---|
| परिचय | P1 |
| जापानको नियम र आचरण | P2 ~ P5 |
| सावधानी अपनाउनु पर्ने जापानको कानुन | P6 ~ P10 |
| साइकल चलाउँदा ध्यान दिनुपर्ने कुराहरू | P11 ~ P13 |
| पार्ट टाइम काम गर्दा निम्न कुरामा ख्याल गर्नुहोस् | P14 ~ P17 |
| आवास कार्डको बारेमा | P18 ~ P20 |
| मध्यम देखि दीर्घकालीन बासिन्दाहरूको जानकारी दिने दायित्व | P21 ~ P24 |
| समस्या परेमा सम्पर्क गर्ने ठाउँ | P25 |

# टोकियोमा बस्ने विदेशी नागरिकहरूका लागि

टोकियोमा धेरै विदेशी नागरिकहरू बस्छन्।

यद्यपि, केही विदेशी नागरिकहरू भाषा, संस्कृति र जीवनशैलीको भिन्नताले गर्दा जापानीहरूसँग समस्यामा हुन्छन्।

यसको साथै, केही मानिसहरूलाई जापानको कानुन बारे थाहा हुँदैन र गलत कुराहरू सम्झेर उनीहरूले ख्याल गर्दैनन् र कानुनको उल्लंघन गर्छन्।


टोकियो महानगरपालिकामा हामीले विदेशीहरूलाई जापानको नियम कानुनहरू बुझ्न र सुरक्षित र निश्चिन्त रूपमा जीवनयापन गर्नका लागि यो निर्देशिका तयार गरेका छौं।



# जापानको नियम र आचरण

## ◆ फोहोरलाई फोहोर फाल्ने भाँडामा फाल्नुहोस्।





बाटोमा फोहोर नाफ्याक्नुहोस्।

## ◆ फोहोर फाल्ने नियमलाई पालना गर्नुहोस् ।




फोहोर फाल्ने बेलामा दिन, समय, स्थान
र फोहोरलाई छुट्याउने जस्ता कुरालाई राम्ररी ध्यान दिनुहोस्।



ठूलो आकारका फोहोरलाई गैरकानुनी रूपमा फाल्ने कार्य नगर्नुहोला!

*ठूलो आकारका फोहोरहरू फाल्ने बेलामा आफू बसेको ठाउँको नगरपालिकाले निर्धारण गरेको फोहोर व्यवस्थापन तरिकालाई पालना गर्नुहोला।

## ◆ भाडाको सम्झौतामा भएका नियमहरू पालना गर्नुहोस्।







घरधनीको अनुमति बिना: ＊ सँगै बस्ने व्यक्ति बढाउने,
**＊ अन्य व्यक्तिलाई बहालमा दिन, ＊ कोठाहरू मर्मत गर्न, र**
**＊ घरपालुवा जनावरहरू पाल्ने कार्य गर्नु हुँदैन!**

सम्झौताका सर्तहरू पालना नगरेको अवस्थामा तपाईंलाई निष्कासनको आदेश दिइन सक्छ।

## ◆ अपार्टमेन्ट वा घर भित्रको करिडोरमा कुनै वस्तु नराख्नुहोला।



अरु मानिसहरूले पनि कोठा बाहिरका हलवे र सिंढीहरू प्रयोग गर्छन्।
आगलागी हुँदा वा भूकम्पको बेलामा तपाईं बाहिर निस्कन नसक्ने गरी वस्तुहरू भएमा।

## ◆ कोठा भित्र वा घरको वरण्डामा ठूलो आवाजले होहल्ला गर्ने वा ठूलो आवाजमा संगीत सुन्ने कार्य नगर्नुहोला।





चर्को आवाज र होहल्लाले वरिपरिका मानिसहरूलाई वाधा पुर्याउँछ।

यदि तपाईंले हल्ला गर्नुभयो भने तपाईंलाई प्रहरीमा उजुरी दिन सकिन्छ र तपाईंमाथि प्रहरी अधिकारीहरूको ध्यानाकर्षण हुन्छ।

## ◆ रेल वा बस भित्र फोनमा कुरा नगर्नुहोस् वा चर्को आवाजमा कुराकानी नगर्नुहोला।






फोनमा कुराकानी गर्नाले र चर्को आवाज निकाल्नाले रेल र बसहरूमा यात्रा गर्ने मानिसहरूलाई मर्का पर्न सक्छ।
यदि तपाईंले होहल्ला गर्नुभयो भने तपाईं समस्यामा पर्न सक्नुहुन्छ।

मानिसहरू बसोबास गर्ने स्थानमा र धेरै मानिसहरू भएको स्थानमा नियम र आचरणहरू पालना गर्नुहोस्।

## ◆20 वर्ष वा बढी उमेर भएका मानिसहरूले मद्यपान र धूमपान गर्न पाउँछन्।





जापानमा 20 वर्ष मुनिका मानिसहरूले (20 वर्ष उमेर नपुगेका मानिसहरू) मद्यपान वा धूमपान गर्न पाउँदैनन्।

## ◆कृपया निर्धारित धूमपान क्षेत्रमा मात्र धूमपान गर्नुहोस्।





हिडिरहेको बेलामा वा निर्धारित धूमपान क्षेत्र भन्दा बाहिर धूमपान नगर्नुहोस्।
यसको साथै, तपाईंले सडकमा चुरोट फाल्न पाउनुहुन्न।
सैद्धान्तिक रूपमा टोकियो महानगरपालिकाको नियामानुसार सुविधा भवन भित्र धूम्रपान निषेध छ।

# सावधानी अपनाउनु पर्ने जापानको कानुन

## ◆ तेइकी केन वा स्वास्थ्य वीमा कार्ड सापटी दिने कार्य नगर्नुहोला।




**अर्काको तेइकी केन, स्वास्थ्य बीमा कार्ड, मेरो नम्बर कार्ड प्रयोग गर्नु हुँदैन।**
**साथै आफ्नो तेइकी केन, स्वास्थ्य बीमा कार्ड, माई नम्बर कार्ड अरूलाई सापट दिनु हुँदैन।**
यसलाई कानुनको उल्लंघन मानिनेछ र तपाईंलाई सजाय हुनेछ।

## ◆ तपाईंले फेला पार्नुभएको पर्स, पैसा, कार्डलाई आफ्नो सम्पत्ति बनाउन पाउनुहुन्न।



**तपाईंले फेला पार्नुभएको पर्स, पैसा, कार्डलाई आफ्नो सम्पत्ति बनाउन पाउनुहुन्न।**
यसलाई कानुनको उल्लंघन मानिनेछ र तपाईंलाई सजाय हुनेछ।

**यदि तपाईंले केही कुरा हराउनुभयो भने सामान हराएको उजुरी गर्नुहोस्। फेला परेपछि हराएको सामान तपाईंलाई फिर्ता गरिनेछ।**

## ◆पसलबाट सामान चोर्नु अपराध हो।



**पसलबाट सामान चोर्नु भनेको पसलेलाई सामानको मूल्य भुक्तान नगरी पसलबाट सामान लुकाएर हिँड्नु हो।**
चोरी गर्ने,सामान बोकिदिने, निगरानी गरिदिने, भाग्न मद्दत गर्ने क्रियाकलापहरु सबै अपराध हुनजान्छ।
जापानका पसलहरूमा सुरक्षा क्यामेरा जडान गरिएको हुन्छ र सुरक्षा गार्डहरूले गस्ती गरिरहेका हुन्छन्।
तपाईंले कहिल्यै पनि पसलबाट चोरी गर्नु हुँदैन ।

## ◆रोकिराखेको अरू व्यक्तिको साइकल चढेर नजानुहोला।



**स्टेसन वा सडकका साइकल नलैजानुहोस्।**
यसलाई कानुनको उल्लंघन मानिनेछ र तपाईंलाई सजाय हुनेछ।

## ◆अर्काको खेतको तरकारी अथवा फलफुल, पाल्तु जनावर चोरी गर्नु हुँदैन।

## ◆बिना अनुमति नदी अथवा समुद्रमा माछा र शेलफिसहरू मार्नु हुँदैन।

## ◆ खतरनाक वस्तुहरू बोकेर नहिँड्नुहोस्।



चक्कुहरू र खुर्सानीको धूलोको स्प्रे



**खतरनाक वस्तुहरू बोकेर नहिँड्नुहोस्।**
यसलाई कानुनको उल्लंघन मानिनेछ र तपाईंलाई सजाय हुनेछ।
खतरनाक वस्तुहरू बोक्नको लागि निम्न कारणहरू उपयुक्त मानिनेछैनन्।

- आत्म सुरक्षाको लागि
- कुनै काममा प्रयोग गर्न सजिलो हुने विचार गरी
- फेसनको रूपमा बोक्ने
- पहिले कुनै काम वा शिविरको लागि प्रयोग गर्नुभएको थियो तर त्यसलाई अन्यत्र फाल्न अल्छी लागेर तपाईंले झोलामै राख्नुभयो

## ◆ अवैध लागूपदार्थ बोक्नु र प्रयोग गर्नु अपराध हो।




**जापानमा निम्न औषधिहरू बोक्न वा प्रयोग गर्न पाइन्न।**

- उत्तेजक पदार्थ (स्टिमुलेन्ट) • गाँजा • कोकिन
- हिरोइन • एमडीएमए •खतरनाक लागूऔषध, आदि।


एकपटक मात्रै प्रयोग गर्नु पनि अपराध हो।
कहिल्यै पनि यस्ता पदार्थहरू राख्ने र प्रयोग गर्ने नगर्नुहोस्।
यस्तो पदार्थ जापानमा ल्याउनु पनि अपराध हो।

## ◆निम्न कुराहरू अपराध ठहरिन्छन् । सजिलै कमाइ हुन्छ भन्ने खालको काम देखि सावधान \हुनुहोस्!

सेलफोन, क्यास कार्ड वा बैंकको पासबुक बिक्री वा दिनु।





- अरू व्यक्तिको नाममा सेलफोन वा बैंक खाताहरू बनाउन सम्झौता गर्नु।





- इन्टरनेट आदिमा अरू व्यक्तिको क्रेडिट कार्ड प्रयोग गरी सामान किन्न अर्डर दिनु।



- अन्य कसैको क्यास कार्डको प्रयोग गरी नगद झिक्नु।





- अन्य कसैको नाममा पार्सलहरू प्राप्त गर्नु, यसलाई अरु कसैलाई वा निर्देशित स्थानमा पठाउनु




अन्य कसैको नाममा पार्सलहरू प्राप्त गर्नु

निर्देशित स्थानमा फेरि पठाउनु

- खाम वा लगेज भित्र के कुरा छ भन्ने विचार नगरिकन अन्य व्यक्तिबाट लिनु र जसले मागेको छ उसलाई दिनु।




## सतर्क रहनुहोस्!

यस प्रकारको कार्यले संगठित अपराधलाई ढाकछोप गर्छ।
मानिसहरू थाहै नपाइकन अपराधमा संलग्न हुनसक्छन्।
सजिलोसँग पैसा कमाउन सकिन्छ भनेर यसमा सहज रूपमा संग्लन नहुनुहोस्।



# साइकल चलाउँदा ध्यान दिनुपर्ने कुराहरू

## ◆तपाईंले साइकल खरिद गर्दा वा प्राप्त गर्दा कृपया सुरक्षा पंजीकरण गर्नुहोला।




जब तपाईं साइकल खरिद गर्नुहुन्छ: ▸ नयाँ सुरक्षा पंजीकरणको नयाँ दर्ता गर्नु आवश्यक छ

जब तपाईं साइकल प्राप्त गर्नुहुन्छ: ▸ नामसारी गर्नु आवश्यक छ।

“साइकल अपराध रोकथाम दर्ता” लेखिएको चिन्ह राखिएको साइकल डिलर जस्तो ठाउँमा तपाईंले अपराध रोकथाम दर्ताको लागि आवेदन दिन सक्नुहुन्छ।
अपराध रोकथाम दर्ताको नाम परिवर्तन गर्न तपाईंले शुल्क तिर्नुपर्छ र निवास कार्ड र साइकल सुरक्षा दर्ता कार्ड (यदि तपाईंसँग छ भने) आवश्यक पर्छ।

## ◆साइकललाई साइकल पार्किङ ठाउँहरूमा पार्क गर्नुहोला।



साइकललाई साइकल पार्किङ स्थानमा पार्क नगरेर स्टेशन, आदिको अगाडि जथाभावी रूपमा पार्क गरेमा...त्यसलाई त्यहाँबाट उठाएर लगिनेछ
उठाएर लगेको साइकल फिर्ता पाउन तपाईंले शुल्क तिर्नुपर्ने हुन सक्छ।

## ◆गाडीको नियम साइकलमा पनि लागू हुन्छ!

### सुरक्षित रूपमा साइकल चलाउन ख्याल गर्नुपर्ने पाँच नियमहरू

① सामान्यतया, साइकल सडकमा चलाउनुपर्छ, अपवाद स्वरूप फुटपाथमा चलाउन सकिन्छ।







निम्न अवस्थामा साइकल फुटपाथमा चलाउन स्वीकारयोग्य हुन्छ:

- फुटपाथमा “फुटपाथमा सामान्य रूपमा साइकल चलाउन सकिन्छ” भन्ने लेखेको संकेत भएमा"
- जब साइकल चलाउने व्यक्ति 13 वर्ष मुनिको बच्चा, 70 वर्ष वा सोभन्दा बढी उमेरको वृद्ध वा शारीरिक अशक्तता भएको व्यक्ति हो
- सडक निर्माण इत्यादिको कारणले सडकको बायाँ भागमा चलाउन समस्या भएमा

② सडकको बायाँ भागमा चलाउनुहोस्



साइकलबाट सडक पार गर्दा कारमा बायाँ भागमा चलाउनुपर्छ। दायाँ भागबाट चलाउन निषेध गरिएको छ।

## 3 फुटपाथमा पैदलयात्रीहरूलाई प्राथमिकता भएकाले सडक छेउको पेटीमा बिस्तारै चलाउनुपर्छ।



फुटपाथमा साइकल चलाउँदा यस्तो गतिमा कुँदाउनुहोस् कि ड्राइभवे नजिक पुग्दा तपाईंलाई तत्कालै रोक्न सजिलो होस्।
यदि तपाईंले पैदलयात्रीहरूको बाटो छेकेर वाधा पुर्याउनु भएको छ भने रोकिनुहोस्।

## 4 सुरक्षा नियमहरूको पालना गर्नुहोस्



मदिरा सेवन गरेर साइकल चलाउन निषेध गरिएको छ



दुई जना बसेर चलाउन निषेध गरिएको छ



समानान्तर हुनेगरी चलाउन निषेध गरिएको छ



छाता ओढेर साइकल चलाउन निषेध छ।



रात्रि समयमा बत्ती बाल्ने



चोकको ट्राफिक संकेतहरू पालना गर्नुहोस्। रोकेर हेर्नुहोस् र सुरक्षा यकिन गर्नुहोस्।

## 5 हेल्मेट लगाउने

*टोकियो मेट्रोपोलिटनले हेल्मेट लगाउने सुझाव दिँदै आएको छ।



◆**टोकियो महानगरपालिका भित्र साइकल चलाउने हो भने, दुर्घटना भएमा सम्बन्धित व्यक्तिलाई क्षतिपूर्ति गरिदिने बीमामा आबद्ध हुनुपर्छ।**

# पार्ट टाइम काम गर्दा निम्न कुरामा ख्याल गर्नुहोस्

## ◆ पार्ट टाइम गर्ने बेलामा काम गर्नुभन्दा पहिले काम गर्ने अनुमति लिनुहोस्।










जापानमा विदेशी नागरिकहरूले अध्यागमन नियन्त्रण र शरणार्थी पहिचान ऐनले व्याख्या गरे अनुसार आफ्नो निवासको योग्यताको सीमामा रहेर काम गर्ने अनुमति प्राप्त गर्छन्।

निम्न अवस्थाहरूमा कृपया अग्रिम रूपमा अयोग्य कामको लागि अनुमति प्राप्त गर्नुहोस्।



- जापानमा काम गर्ने अनुमति नपाएको व्यक्ति, जस्तै "विद्यार्थी" वा निवासको योग्यतामा "परिवार" भएकाहरूले पार्ट टाइम काम गरेमा।
- "प्रविधि, मानविकी, अन्तर्राष्ट्रिय सेवाहरू" जस्ता आवास स्थिति भएका जापानमा काम गर्ने अनुमति प्राप्त व्यक्तिले आवास स्थितिमा खुलाइएको गतिविधि बाहेकको पार्ट टाइम काम गरेमा।

## सतर्क रहनुहोस्!

अयोग्य कामको अनुमति लिंदा काम गर्ने समय सीमा हुन्छ।
योग्यता भन्दा बाहिर गएर काम गर्दा तपाईंले अनुमति नलिइकन पार्ट टाइम गर्न पाउनुहुन्न वा निषेध गरिएको कुराहरूलाई पालना नगरिकन पार्टटाइम काम गर्न पाउनुहुन्न।
यसलाई कानुनको उल्लंघन मानिन्छ र तपाईंलाई सजाय हुनसक्छ वा डिपोर्ट गर्न सकिन्छ।



हुँदैन!

## ◆अनुमति प्राप्त गरेर काम गर्ने बेलामा हप्तामा 28 घण्टाभन्दा बढी काम नगर्नुहोला।

28 घण्टा + 20 घण्टा = 48 घण्टा







अधिकतम 28 घण्टा

दुई ठाउँभन्दा बढी ठाउँमा काम गरे तापनि सबै ठाउँको जम्मा गर्दा 28 घण्टा भन्दा बढी हुनुहुँदैन!

"विद्यार्थी" भिसामा काम गर्दै आएका व्यक्तिले, विद्यालयको नियममा उल्लेख भएको लामो बिदाको समय (गर्मी बिदा, जाडो बिदा, इत्यादि) मा दैनिक 8 घण्टा (अधिकतम प्रति हप्ता 40 घण्टा) सम्म काम गर्न सक्नेछन्।

## ◆काम गर्ने अनुमति प्राप्त गरिसकेपछि पार्ट टाइम काम गर्दा वेश्यालय वा वयस्क मनोरञ्जन दिने स्थलमा काम नगर्नुहोला।





तपाईं निम्न स्थानहरूमा पार्ट टाइम काम गर्न सक्नुहुन्न।

- स्न्याक्स, क्याबरेटहरू, मदिरा पसल, क्याबरेट क्लबहरू, होस्ट क्लबहरू, आदि जहाँ ग्राहकलाई मनोरञ्जन दिइन्छ र खाना र पेय पदार्थ अफर गरिन्छ
- गेम सेन्टरहरू • महजोङ्ग (Mahjong) पसल
- पाचिन्को पार्लरहरू (Pachinko parlors) • "लभ होटलहरू"
- "टेलिफोन क्लबहरू" • "डेटिङ पार्टर मिलाइदिने क्याफे वा भट्टी (Deai kissa)"
- वयस्कका लागि सामग्री पसलहरू • वयस्कका लागि भिडियो पसलहरू
- निजी अडियो भिडियो • देह-व्यवसायी

यस्ता ठाउँमा तपाईंलाई चौकीदार, झाडा माझ्ने, वेटर, हल स्टाफको रूपमा पनि काम गर्ने अनुमति छैन।

## ◆काम गर्ने अनुमति प्राप्त गरेपछि पार्ट टाइम काम गर्दा वयस्क मनोरञ्जन जस्तै प्रकृतिका पसलबाट होसियार रहनुहोला।





तपाईंले यौन सेवा प्रदान गर्ने मसाज पार्लर वा त्यस्तो रेस्टुरेन्टमा काम गर्नु हुँदैन जहाँ तपाईंले ग्राहकसँग बसेर कुराकानी गर्न वा पिउन पर्छ। पसलको मान्छेले केही हुँदैन भने पनि तपाईंले विश्वास गर्नु हुँदैन।
तपाईलाई आफू वयस्क मनोरञ्जनमा काम गर्छु भन्ने बारेमा थाहा छैन नै भने पनि तपाईलाई सजाय हुनसक्छ वा डिपोर्ट गर्न सकिनेछ।

## ◆विद्यालय छोडेपछि पार्ट टाइम काम गर्न पाउँदैन।



अन्तर्राष्ट्रिय विद्यार्थीले विद्यालय छाडेपछि वा विद्यालयबाट निष्कासित भएपछि पार्ट टाइम काम गर्न पाउँदैनन्।
आवास स्थिति र अयोग्य काम गर्नसक्ने अनुमतिको म्याद बाँकी भए पनि पार्ट टाइम काम गर्ने अनुमति छैन।
यदि तपाईंले विद्यालय छाडेपछि पार्ट टाइम काम गर्नुभयो भने तपाईंलाई सजाय हुनसक्छ वा जापानबाट बाध्यकारी डिपोर्ट गरिनेछ।

## ◆दर्ता शुल्क मागेर काम दिन्छु भन्ने देखि सावधान।



विदेशीहरूलाई पार्ट टाइम लगाइदिन्छु भन्दै ढाँटेर दर्ता शुल्कको रूपमा रकम ठग्ने तर काम नलगाइदिने अपराध बढ्दै छ।
त्यस्ता व्यक्तिहरूबाट सचेत रहनुहोस् जसले तपाईंसँग काम सुरू गर्नुअघि दर्ता वा रिफरल शुल्क माग्छन्।

## ◆अनुमति बिना आफ्नो घरलाई होटलको रूपमा प्रयोग गरी पाहुनाहरूसँग शुल्क लिई उपलब्ध नगराउनुहोस्।



शुल्क लिई आफ्नो घरमा पाहुनाहरूलाई राख्न स्वास्थ केन्द्र आदिबाट अनुमति लिनु आवश्यक पर्छ वा प्रान्त सरकार वा स्थानीय निकायलाई सूचना दिनुपर्छ।
यदि तपाईंले अनुमति बिना आवास सुविधाहरू संचालन गरेमा तपाईंलाई सजाय हुनेछ।

# तपाईंको आवास कार्ड

## ◆तपाईं घरबाट बाहिर हुँदा अनिवार्य रूपमा आफ्नो आवास कार्ड (रेसिडेन्स कार्ड) बोक्ने गर्नुहोस्।




आवास कार्ड जापानमा लामो समयसम्म बस्ने विदेशीहरूलाई प्रदान गरिन्छ।
तपाईंले अनिवार्य रूपमा आवास कार्ड लिनुपर्छ।
आवास कार्ड नलिनु कानुनको उल्लंघन हो र तपाईंलाई जरिवाना हुनसक्छ।
तपाईंसँग राहदानी वा स्वास्थ्य वीमा कार्ड जस्ता अन्य पहिचान खुलाउने कार्ड भए पनि तपाईंले आवास कार्ड बोक्नै पर्छ।

आवास कार्डको लागि योग्य हुन 1 देखि 6 भित्र कुनैमा पनि नपर्ने विदेशी नागरिक (“मध्यम देखि दीर्घकालीन वासिन्दाहरू”) हुनुपर्छ।

1. तीन महिना भन्दा कम भिसा अवधि निश्चित भएका व्यक्ति।
2. “अल्पकालीन बसाइ” आवास स्थिति भएका व्यक्तिहरू।
3. “कुटनीतिक” वा “सरकारी कामकाज” का आवास स्थिति भएका व्यक्तिहरू
4. जापानमा रहेको ताइवान जापान सम्बन्ध एसोसिएसन कार्यालय (जस्तै टाइपेई आर्थिक तथा सांस्कृतिक प्रतिनिधित्व कार्यालय, आदि) का अधिकारीहरू वा जापानमा रहेको प्यालेस्टाइनको साधारण विभाग।
5. विशेष स्थायी बासिन्दाहरू
6. आवास स्थिति नभएका व्यक्तिहरू


## ◆ प्रहरी वा अध्यागमन सेवा एजेन्सीको अधिकारीले तपाईंलाई आफ्नो आवास कार्ड देखाउन अनुरोध गरेमा कृपया आवास कार्ड देखाउनुहोला।




प्रहरी अधिकारी आदिले विदेशी नागरिकहरूलाई उनीहरूको आवास कार्ड देखाउन अनुरोध गरेमा विदेशी नागरिकहरूले अनिवार्य रूपमा आफ्नो आवास कार्ड देखाउनुपर्छ।

प्रहरी अधिकारीले अनुरोध गर्दा यदि तपाईंले आफ्नो आवास कार्ड देखाउनु भएन भने तपाईंलाई सजाय हुनेछ।

## ◆ आवास कार्डको निश्चित म्याद हुन्छ।




- **"स्थायी बासिन्दा" को लागि आवासको स्थिति / "क्लास 2 उच्च सीपयुक्त प्रोफेसनल"**
  16 वर्ष भन्दा बढी उमेरको भएमा: अनुमति पाएको सात वर्षमा
  16 वर्ष भन्दा कम उमेरको भएमा: 16 वर्षको जन्मदिनको अघिल्लो दिन (*) सम्म
- **"क्लास 2 उच्च सीपयुक्त प्रोफेसनल" बाहेकका अन्य बासिन्दाहरूका लागि**
  16 वर्ष भन्दा बढी उमेको भएमा: तपाईंको बसाइको म्याद सकिने मितिभित्रमा
  16 वर्ष भन्दा कम उमेरको भएमा: बसोबास अविधको म्याद पूरा हुने मिति अथवा 16 वर्षको जन्मदिनको अघिल्लो दिन (*) मध्ये जुन पिहले आउँछ, उही मितिसम्म

*2023 साल अक्टोबर 31 तारिखको अन्त्यसम्ममा जारी गरिएको रेजिडेन्स कार्डमा "16 वर्षको जन्मदिन" लेखिएको छ।

## ◆ यदि तपाईंको आवास कार्ड हराएमा पुन: जारी गर्नका लागि तुरुन्तै अध्यागमन सेवा एजेन्सीमा आवेदन दिनुहोस्।







पुन: जारी गर्नको लागि आवेदन दिन तपाईंसँग हराएको प्रमाण (हराएको प्रमाणपत्र, चोरिएको प्रमाणपत्र, प्रक्रोप प्रमाणपत्र, आदि), राहदानी र फोटो हुनुपर्छ। तपाईंको स्थानीय अध्यागमन र अध्यागमन कार्यालयलाई अग्रिम रूपमा सोध्नुहोस्।

यदि तपाईंले 14 दिन भित्रमा आवेदन दिनुभएन भने तपाईंलाई सजाय हुनसक्छ।

## ◆ तपाईंको आवास कार्ड अन्यलाई नदिनुहोस् वा स्थानान्तर नगर्नुहोस्।



यो अन्यलाई नदिनुहोस्! यसलाई स्थानान्तर नगर्नुहोस्!

दुरुपयोग हुने थाहा हुँदाहुँदै अरु कसैलाई आफ्नो आवास कार्ड नदिनुहोस्। तपाईंको आवास कार्डको म्याद नाघेको भएपनि तपाईंले कसैलाई दिनुहुँदैन। यो कानुनको उल्लंघन हो र तपाईंलाई सजाय हुनसक्छ वा डिपोर्ट गर्न सकिन्छ।

### जाली वा परिमार्जित आवास कार्डहरूदेखि सावधान रहनुहोस्!

प्रयोग गर्ने उद्देश्यका साथ जाली वा परिमार्जित आवास कार्ड बोक्ने विदेशी नागरिकहरूलाई आवासको स्थिति भए पनि सजाय हुनसक्छ वा डिपोर्ट गरिन सक्छ।



हुँदैन!

# मध्यम देखि दीर्घकालीन बासिन्दाहरूको जानकारी दिने दायित्व

## ◆मध्यम देखि दीर्घकालीन बासिन्दाहरूले आफ्नो जापानको ठेगाना र आफू कार्यरत संस्था (कम्पनी, पसल, विद्यालय आदि) को बारेमा आफ्नो स्थानीय निकाय वा अध्यागमन सेवा एजेन्सीलाई जानकारी गराउनुपर्छ।




मध्यम देखि दीर्घकालीन बासिन्दाहरूले अध्यागमन नियन्त्रण र शरणार्थी पहिचान ऐन अनुसार आवश्यक पर्ने सूचना पेश गर्नुपर्छ।


- ठेगाना स्थान
- नाम, जन्ममिति, राष्ट्रियता / क्षेत्र, लिंग
- आबद्ध संस्था (काम गर्ने संस्था, करार गरेको संस्था) ※
- जीवनसाथीसँगको पारापाचुके, जीवनसाथीको मृत्यु ※

※ आबद्ध संस्थाहरू र जीवनसाथी बारेको सूचनाहरू लक्षित व्यक्तिले तय गर्नेछ।

सूचना दिने दायित्व निर्वाह नगरेमा वा झूटो सूचना दायर गरेमा तपाईंलाई सजाय हुनसक्छ वा तपाईंको आवासको स्थिति रद्द गरिन सक्छ।

यदि तपाईंले सूचना दिने दायित्व पूरा गर्नुभएको छैन भने,
- आवासको स्थिति परिवर्तन गर्नको लागि आवेदन
- बसाइको अवधि नवीकरण गर्ने अनुमतिका लागि आवेदन
- स्थायी आवास अनुमतिको लागि आवेदन दिंदा तपाईंको नकारात्मक रूपमा मूल्यांकन गर्न सकिनेछ वा तपाईंलाई सजाय हुनसक्छ।

## ◆जापान प्रवेश गरेपछि यदि तपाईंले कहाँ बस्ने भन्ने निर्धारण गर्नुभयो वा बसिरहेको ठाउँ परिवर्तन गर्नुभयो भने आफ्नो नयाँ ठेगानाको बारेमा नगरपालिका कार्यालयलाई जानकारी दिन नबिर्सनुहोस्।



ठेगाना
निर्धारित हुन्छ



ठेगाना
परिवर्तन हुन्छ

स्थानीय निकायहरूलाई नयाँ ठेगाना पेश गर्नका लागि आवास कार्ड आवश्यक पर्छ।

## ◆ यदि तपाईं विवाहित हुनुभयो वा तपाईंको नाम, जन्ममिति, राष्ट्रियता वा लिंगमा परिवर्तन आयो भने अध्यागमन विभागलाई तुरुन्तै जानकारी गराउनुहोस्।




नाम, राष्ट्रियता,
आदिको परिवर्तन

अध्यागमन सेवा एजेन्सीलाई जानकारी पेश गर्दा तपाईंको नाम परिवर्तन भएको प्रमाणित गर्न राहदानी, फोटो, आवास कार्ड, र अन्य सामग्रीहरू आवश्यक पर्छ।

## ◆यदि तपाईंले स्कुल छाड्नुभयो वा कम्पनी परिवर्तन गर्नुभयो भने तुरुन्तै त्यसबारे अध्यागमन सेवा एजेन्सीलाई जानकारी गराउनुहोस्।



उत्तीर्ण हुनु, भर्ना, ट्रान्सफर, विद्यालय छोड्नु, आदि



काम परिवर्तन गर्नु, अवकास, आदि

### सूचनाको लागि निम्न आवासको स्थिति आवश्यक पर्छ।

प्रोफेसर, उच्च दक्ष पेशेवर, व्यवसाय व्यवस्थापक, कानुनी/लेखा सेवाहरू, चिकित्सा सेवाहरू, निर्देशक, अन्तर कम्पनी सरुवा भइ आउने जाने, प्राविधिक इन्टर्न, विद्यार्थी, प्रशिक्षार्थी, अनुसन्धानकर्ता, इन्जिनियर/मानविकीका विशेषज्ञ/अन्तर्राष्ट्रिय सेवाहरू, मनोरञ्जन दाता, दक्ष प्राविधिक, नर्सिङ केयर, विशेष सीपयुक्त कामदार

### सूचना दिनको लागि निम्न कारणहरू आवश्यक पर्छ।

- **नाम, ठेगाना वा विद्यालय वा रोजगार स्थान जस्ता सम्बद्ध संस्थाको निष्प्रभावता** परिवर्तन
- तपाईं आबद्ध रहनुभएको विद्यालय वा कम्पनी जस्ता संस्था छाडेमा वा ट्रान्सफर **भएमा**
- कम्पनी जस्ता करार गरेको संस्थासँगको करार अन्त्य भएमा, नयाँ करारको **निष्कर्ष निकालेमा**

### सूचनाका आवश्यकताहरू पूरा गर्न नसकेमा वा झूटो सूचना दायर गरेमा सजाय हुनेछ।

## ◆यदि तपाईं "पारिवारिक बसाइ", "जापानी नामरिकको "जीवनसाथी" आदि", वा "स्थायी बासिन्दाको जीवनसाथी" को रूपमा आवासको स्थिति प्राप्त गर्ने बासिन्दा हुनुहुन्छ भने तपाईंले पारापाचुके गर्दा वा तपाईंको जीवनसाथीको मृत्यु भएमा कृपया तुरुन्तै अध्यागमन सेवा एजेन्सीलाई जानकारी गराउनुहोस्।




पारापचुके,
जीवनसाथीको मृत्यु

जीवनसाथी भएको आधारमा आवासको स्थिति प्राप्त गर्ने व्यक्ति रिपोर्ट गर्न उत्तरदायी हुन्छ। यसबाहेकका अन्य व्यक्तिहरू योग्य छैनन्। यदि तपाईंको पारापाचुके भएमा वा तपाईंको जीवनसाथीको मृत्यु भएमा तपाईंले अनिवार्य रूपमा अध्यागमन सेवा एजेन्सीको साथै स्थानीय निकायलाई पनि रिपोर्ट पेश गर्नुपर्छ (पारपाचुके भएको सूचना र जीवनसाथीको मृत्यु)।
सूचना दिने दायित्व पूरा नगरेमा वा झूटो सूचना दिएमा यसको परिणामस्वरूप सजाय हुनेछ।

## ◆तपाईं आबद्ध संस्थाको परिवर्तन, र पारापचुके वा जीवनसाथीको मृत्यु जस्ता सूचनाहरू इन्टरनेट मार्फत पनि दिन सकिन्छ।

कृपया यहाँ खोजी गर्नुहोस्।

अध्यागमन सेवा एजेन्सी इलेक्ट्रोनिक सूचना प्रणाली | खोजी गर्नुहोस्

https://www.moj.go.jp/isa/publications/materials/i-ens_index.html

# समस्या भयो भने कसलाई सम्पर्क गर्ने?

## आपतकालमा

अपराध वा दुर्घटनाहरू

110 डायल गर्नुहोस्



आगलागी विरामी वा घाइते हुँदा

119 डायल गर्नुहोस्



## आवास स्थिति इत्यादि बारेमा जानकारीका लागि

**अध्यागमन जानकारी केन्द्र**

टेलिफोन नम्बर 0570-013904



(सोमबार देखि शुक्रबार 8:30 देखि 17:15)

सहायता अंग्रेजी, चाइनिज, कोरियन, स्पेनिस, पोर्चुगिज, भियतनामिज, फिलिपिन्स, नेपाली, इन्डोनेसियाली, थाइ, खमेर (कम्बोडियन), म्यानमार, मङ्गोलियन, फ्रान्सेली, सिंहला र उर्दू भाषामा उपलब्ध छ।!

## बैदेशिक बासिन्दाको बसोबास सम्बन्धी परामर्शको लागि ...

विदेशी बासिन्दा सहायता केन्द्र (टोकियो अध्यागमन) मा सम्पर्क गर्नुहोस्

टेलिफोन नम्बर 03-5363-3025 (रिजर्वेशनको लागि मात्र)

(सोमबार देखि शुक्रबार र सार्वजनिक बिदाको दिन बाहेक 9:00 देखि 17：00)

रिजर्वेशन फाराम https://www.moj.go.jp/isa/support/fresc/fresc_2.1.html

ठेगाना: टोकियो, सिन्ज्युकु-कु, योत्सुया १-६-१ योत्सुया टावर १३ तल्ला

外国人在留支援センター FRESC

## दैनिक जीवनको बारेमा जानकारीको लागि

टोकियो महानगरीय वैदेशिक बासिन्दा सुझाव केन्द्र



| भाषा | उपलब्ध | टेलिफोन नम्बर |
|---|---|---|
| अंग्रेजी | सोमबार देखि शुक्रबारसम्म | 03-5320-7744 |
| चिनियाँ | मंगलबार र शुक्रबार | 03-5320-7766 |
| कोरियन | बुधबार | 03-5320-7700 |

परामर्श समय 9:30 देखि 12:00 13:00 देखि 17:00

# जापानमा बस्ने विदेशीहरूका लागि नियमावली




यो नियमावली विभिन्न भाषामा उपलब्ध छ।
यसलाई टोकियो महानगरपालिकाको वेवसाइटबाट डाउनलोड गर्न सकिन्छ।

| जापानमा बस्ने विदेशीहरूका लागि नियमावली | खोजी गर्नुहोस् |
|---|---|

http://www.tomin-anzen.metro.tokyo.jp/chian/chiankaizen/gaikokujin/zairyuumanyuaru/index.html

जारी गर्ने: नागरिक संस्कृति र खेलकुद मामिला ब्यूरो, टोकियो महानगरपालिका/ महानगरपालिका सुरक्षा प्रवर्द्धन मुख्यालय/ सुरक्षा उपाय शाखा
163-8001 टोकियो, शिन्जुकु-कु, निशी-शिन्जुकु 2-8-1
☎ 03-5388-2279

2025年3月発行

ネパール語版

| 印刷物登録番号 |
|---|
| （ 6 ）81 |

リサイクル適性Ⓐ
この印刷物は、印刷用の紙へリサイクルできます。